*संयुक्त प्रेस वक्तव्य*

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

*विस्तृत शान्ति सम्झौताको चौथो वर्ष*

**मानवअधिकारसम्बन्धी प्रतिवद्धताहरूको कार्यान्वयन नहुनाले शान्ति प्रक्रिया खतरामाः राष्ट्रिय मानवअधिकार आयोग, उच्चायुक्तको कार्यालय-नेपाल**

आइतवार, २०६७ मङ्सिर ५,

काठमाण्डौं – विस्तृत शान्ति सम्झौता (सम्झौता) भएको चौथो वर्ष पुगेको उपलक्ष्यमा, राष्ट्रिय मानवअधिकार आयोग (आयोग)ले "*सन्दर्भः विस्तृत शान्ति सम्झौताको चौथो वर्ष, प्रमुख प्रतिवद्धता र कार्यान्वयनको अवस्था*" नामक एक फ्याक्टसिट आज सार्वजनिक गऱ्यो। सो फ्याक्टसिटमा सम्झौताअन्तर्गत भएका प्रमुख मानवअधिकारसम्बन्धी प्रतिवद्धताहरू तथा सम्झौताका दुवै हस्ताक्षरकर्ताद्वारा तिनको कार्यान्वयन अवस्थामाथि प्रकाश पारिएको छ।

आयोगले आफ्नो फ्याक्टसिटमा सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगजस्ता सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापनासम्बन्धी मस्यौदा विधेयकसम्बन्धी कामलगायत अहिलेसम्म भएका केही सकारात्मक कदमहरूको उल्लेख गरेको छ। तर, यसले सम्झौताअन्तर्गत भएका मानवअधिकारसम्बन्धी प्रतिवद्धताहरूको कार्यान्वयन नभएको निराशाजनक समग्र अवस्थाप्रति पनि खेद प्रकट गरेको छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले आयोगलाई नेपाल सरकार र एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)लाई प्रमुख मानवअधिकार प्रतिवद्धतालाई ठोस रूपमा उतार्न थप ढिलाइ नगर्न गरेको आह्वानलाई साथ दिएको छ। मानवअधिकारलाई शान्ति सम्झौताको अत्यन्त महत्त्वपूर्ण तत्त्व मानिएको थियो र ती ठोस उपायहरू गर्नमा भएको विफलताले चालु शान्ति प्रक्रियालाई खतरामा पार्न सक्छ।

"शान्ति सम्झौतामा भएका प्रतिवद्धताहरूको स्मरण गर्दै, आयोग तथा उच्चायुक्तको कार्यालयले सम्झौताका हस्ताक्षरकर्ताहरूलाई, अन्य कुरामध्ये, फौजदारी मुद्दाहरू फिर्ता लिने कामलाई रोक्न र मानवअधिकारहरूको उल्लङ्घनका सम्बन्धमा भएका सर्वोच्च अदालतका निर्णयहरूको पालना गर्न आग्रह गर्दछ," आज जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ।

"द्वन्द्वसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनलाई सम्बोधन गर्नमा हुने थप ढिलाइले पीडितले न्याय पाउने अधिकारको अस्वीकृतिलाई प्रोत्साहन गर्नुका साथै अन्ततः दण्डहीनताको संस्कृति बलियो बनाउनेछ। सम्बन्धित पक्षहरूले यी अधिकारहरूप्रति उदासीनता देखाए तापनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनले तिनलाई पूर्णरूपमा प्रत्याभूत गरेको छ," आयोगका प्रवक्ता गौरी प्रधान तथा उच्चायुक्तको कार्यालय-नेपालका अफिसर इन्चार्ज रोबर्टो रिकीले भन्नुभयो। "संविधान लेखन प्रक्रियाको क्रममा सशस्त्र द्वन्द्वका पीडितहरूले पाउने प्रभावकारी न्यायिक उपचारको अधिकारलाई साकार पार्नलाई बाटो खोल्न यो अत्यन्त आवश्यक छ," उहाँहरूको भनाइ छ।


Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937